# न्यायिक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन

श्री अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतिमा रम्भा गाउँपालिकाको न्यायिक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु । न्यायिक समिति तथा वडा कार्यालयमा स्थापित मेलमिलाप केन्द्रहरुबाट यस आ.व. मा सम्पादन भएका मुख्य मुख्य कार्यहरु यस प्रकार रहेका छन् ।

तपसिलमा उल्लेखित विषयमा मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा उजुरीहरु दर्ता भई सोउपर सम्बद्ध पक्षहरुसँग छलफल गराउँदाको अवस्था देहाय अनुसार रहेको छ ।

**वडा कार्यालय तर्फ मेलमिलाप केन्द्रबाट भएको मेलमिलाप सम्बन्धी विवरण**

| वडा नं. | उजुरीको प्रकृति | संख्या | कारबाही संख्या | सम्बोधन (फछ्यौंट) |
|---|---|---|---|---|
| १ | उजुरी नपरेको | | | |
| २ | लेनदेन सम्बन्धी | १ | १ | १ |
| ३ | उजुरी नपरेको | | | |
| ४ | जग्गा सम्बन्धी अंशवण्डा | १ | १ (सम्बन्धित निकायमा पठाइएको) | ० |
| ५ | गाली गलौज | २ | २ | २ |
| | जग्गा विवाद | १ | १ | ० |

**न्यायिक समितिमा दर्ता उजुरी सम्बन्धी विवरण**

| उजुरीको प्रकृति | संख्या | कारबाही संख्या | सम्बोधन (फछ्यौंट) |
|---|---|---|---|
| जग्गा सम्बन्धी | ३ | २ वटा उजुरी उपर छलफल भई कारबाहीको प्रक्रियामा रहेको र १ वटा निवेदन दर्ता भइ बसेको र छलफलमा बोलाउन बाँकी रहेको । | |
| घरेलु हिंसा | १ | १ (एक पटक छलफल गराइ केही समयपछि पुन | |

| | | | |
|---|---|---|---|
| | | छलफलको लागि बोलाउने निर्णय भएको) | |
| खानेपानी | १ | दर्ता भइ बसेको | ० |

अब न्यायिक समितिलाई परेका केही समस्याहरुको सम्बन्धमा यस प्रतिवेदनमार्फत सभाको ध्यानाकर्षण गराउन चाहन्छु ।

- मेलमिलापकर्तालाई मुद्धा फछ्र्यौटको आधारमा आर्थिक सुविध उपलब्ध गराउनु पर्नेछ ।
- न्यायिक समितिको लागि बेग्लै कार्यालय कोठाको अभावमा वादी प्रतिवादीसँग सम्बाद गर्न कठिनाई रहेको छ ।
- नागरिकमा न्यायिक समितिप्रतिको विश्वास बढाउन गाउँसभाका सबै सदस्यहरुले प्रभावकारी भूमिका खेल्नु पर्नेछ ।
- न्यायिक समितिलाई एक जना कानूनी सहजकर्ता वा कानुन अधिकृतको व्यवस्था तत्काल गर्नुपर्ने छ ।